11321688

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

# आदेश

मु.नं. २१/२०७१/०७२

निर्णय नं. ७४४

का.न.पा ६ सिन्धुली घर भई हाल काठमाडौं माइतीघर बस्ने कल्पना बस्नेत........................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, जिल्ला प्रहरी कार्यालय, सिन्धुली ........................................................१ विपक्षी

विषय :- सूचना दिनू भनिएकोमा पाईन भन्न नआएकोले तामेलीमा राख्ने ।

का.न.पा ६ सिन्धुली घर भई हाल काठमाडौं माइतीघर बस्ने कल्पना बस्नेतले जिल्ला प्रहरी कार्यालय,सिन्धुली समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०५।३१ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७१।०६।२२ को पत्रबाट जिल्ला प्रहरी कार्यालय, सिन्धुलीलाई सूचना उपलब्ध गराउन लेखी गएको । जिल्ला प्रहरी कार्यालय सिन्धुलीको मिति २०७१।०७।०४ को पत्रबाट पुनरावेदकलाई मिलापत्रको कागजात फेला नपरेको भनी जानकारी गराइएको । मिति २०७१।०७।२८ गते पुनरावेदकले पुनः उजुरी गरेको । तत् पश्चात यस विषयमा आयोगबाट मिति २०७१।११।३० मा पछिल्लो पटक ताकेता पत्र पठाएको । उक्त पत्राचार पश्चात पुनरावेदकले सूचना पाए नपाएको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यसरी लामो अवधिसम्म पनि सूचना पाईन भनी पुनरावेदक स्वंयले पनि कुनै पनि निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पुनरावेदकले सूचना पाईन भनी निवेदन/उजुरी गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तामेलीमा दर्ता गरी राख्नु ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल चैत्र ११ गते रोज ५ शुभम् ।